परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



समाचार पृष्ठ ४ मा

**राममन्दिरको प्राण प्रतिष्ठामा कोसेली लैजाने विषयमा जानकी मन्दिरका महन्त र सह महन्तबीच बिबाद**

वर्ष : २ अंक : १८४ पृष्ठ ४ २०८० पौष ११ गते, बुधबार 27 Dec., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## ११ महिनापछि संसदमा कोइरी



मलाई समाजसेवी भनेर चिन्छन् । मेरा धेरै कुरा विकाससँग जोडिएको छ। अब जनताको कुरा लिएर अगाडि बढ्छु । त्यसअनुसार आफ्नो भूमिकामा दह्रो गरी संसदमा प्रस्तुत हुन्छु ।

● टक नेपाल

काठमाडौं । नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरी ११ महिनापछि संसद सचिवालय पुगेका छन् । संसद सचिवालयको हाजिरी शाखाका अनुसार उनी २६ पुस २०७९ सम्म संसदको सम्पर्कमा थिए । त्यसयता निरन्तर अनुपस्थित रहेका कोइरी आइतबार दिउँसो संघीय संसद सचिवालय पुगेका हुन् । आइतबार संसद सचिवालय पुगेर कोइरीले आफ्नो सांसद पद निलम्बन फुकुवाका लागि निवेदन दिए । जुन आइतबार नै सदर भइसकेको छ । संघीय संसदका कार्यवाहक महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार, अभियोग लागेको विषयमा सफाइ पाएसँगै कोइरीको निलम्बित प्रतिनिधि सभा सदस्य पद फुकुवा भएको हो । २०७३ सालमा मधेश आन्दोलनका क्रममा महोत्तरीमा सशस्त्र प्रहरी बलका असई थमन बिकको हत्या भएको थियो । उक्त घटनामा आरोपी कोइरीलाई २०७७ सालमा जनकपुर उच्च अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश सुनाएको थियो । त्यो बेलादेखि फरार कोइरी ४ मंसिर २०७९ मा भएको चुनावमा महोत्तरी १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । चुनाव जितेपछि ७ पुस २०७९ मा प्रतिनिधिसभा सदस्यको शपथ ग्रहण कार्यक्रममा कोइरी नयाँ बानेश्वरस्थित संसद भवन पुगेका थिए । कोइरी २५ पुसमा बसेको प्रतिनिधिसभाको पहिलो बैठक र २६ पुसको दोस्रो बैठकमा पनि उपस्थित भए । तर, उनको उपस्थितिलाई लिएर संसदमा प्रश्न उठ्यो । २६ पुसमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको

बाँकी पृष्ठ ३ मा

## मधेशमा जघन्य अपराधको जड बन्दै लागूऔषध





प्रहरी अधिकृतहरुका अनुसार हत्याका घटनाभन्दा धेरै चोरी, डाँका, महिला तथा घरेलु हिंसा जस्ता अपराधमा समेत लागूऔषध सेवनकर्ताको संलग्नता देखिने गरेको छ ।

● शैलेन्द्र महतो

जनकपुरधाम । धनुषाको सबैला नगरपालिका-९ कुसमहा सतो खरकी ६ वर्षीया राखी यादव मंसिर ७ गते साँझ छिमेकीको मटकोर (विवाहअघि गरिने एक साँस्कृतिक कर्म) हेर्न सतोखर पोखरी पुगेकी थिइन् । मटकोर सकिएर सबै घर फर्किए, तर राखी आइपुगिनन् । परिवारका सदस्यहरुले राति नै सोधखोज गरे । भोलिपल्ट तालिम प्राप्त कुकुरसहित प्रहरी पनि खोजीमा जुट्यो, राखी भेटिइनन् । साँझ सतो खर पोखरी नजिकै खाल्डोमा जमेको पानी दमकलले सुकाउँदा राखीको शव भेटियो । 'हामी दिनभर खोज्यौं, साँझसम्म नभेटेपछि खाल्डोमै हुनसक्ने आशंकामा सकाउने काम गर्‍यौं । त्यसमै बालिकाको शव फेला भेटियो', धनुषाका प्रहरी प्रवक्ता डीएसपी रञ्जन अवा भन्छन् । उनका अनुसार बलिकाको शव हेर्दा अत्यन्त क्रुरतापूर्वक हत्या भएको देखिन्थ्यो । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले दुई किशोरलाई पक्राउ गर्‍यो । दुबैले अभियोग पनि स्वीकार गरे । प्रहरीका अनुसार दुबै किशोर लागूऔषध प्रयोगकर्ता हुन् । एक अनुसन्धान अधिकृतका अनुसार मटकोरको बेला मादक पदार्थसँगै लागूऔषध सेवन गरेका थिए । उनीहरुले रथमा खेलिरहेकी राखीलाई बेपत्ता बनाएको र बलात्कार गरेर हत्या गरेपछि शव खाल्डोमा फालेको अनुन्धानका क्रममा खुलेको छ । धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१२ हनुमाननगरमा एक बालकको लागूऔषध सेवनकर्ताबाट हत्या भएको छ । मावलीमा बस्दै आएका ११ वर्षीय आदित्य ठाकुर ३० मंसिरमा राति अबेरसम्म घर फर्किएनन् । परिवारका सदस्यले खोजे, नभेटेपछि प्रहरीलाई खबर गरे । प्रहरीको सहयोगमा खोजी गर्ने क्रममा घरभन्दा पर आदित्य रक्ताम्य अवस्थामा फेला भेटिए । 'उपचारको लागि प्रादेशिक अस्पताल भर्ना गरायौं, तर उपचारकै क्रममा मृत्यु भयो', डीएसपी रञ्जन अवाले भने । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले स्थानीय २६ वर्षीय सञ्जय साह र २४ वर्षीय बादललाई पक्राउ गरेको छ । प्रहरीका अनुसार अनुसन्धानका क्रममा आदित्य मधेश प्रदेशसभा भवन नजिकै मोबाइल चलाइरहेका बेला दुबै पुगेका थिए । लागूऔषध सेवन गरेका उनीहरुले मोबाइल मागे, नदिएपछि बाँसको भाटाले हिर्काए । 'मरणासन्न हुने गरी कुटेपछि भागेको दुबैले वयान दिएका छन्', अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले भने । लागूऔषधको नशामा बालकको हत्या गरेको प्रहरीको निष्कर्ष छ । धनुषाका प्रहरी उपरीक्षक (एसपी) मित्रबन्धु शर्मा भन्छन्, 'दुबै घटनामा आरोपी लागूऔषध सेवनकर्ता रहेको देखाएको छ । हामी थप अनुसन्धान गरिरहेका छौं ।' जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार चालु आर्थिक वर्षको ५ महिनामा धनुषामा ७ जनाको हत्या भएको छ, जसमध्ये तीनवटा घटनामा लागूऔषध सेवनकर्ता संलग्न छन् । मधेश प्रदेशका ८ जिल्लामा ५७ जनाको हत्या भएको छ । प्रदेश प्रहरी कार्यालय, जनकपुरले उपलब्ध गराएको तथ्यांकमा अघिल्लो आर्थिक

बाँकी पृष्ठ ३ मा






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### नेतामाथि आक्रमण रहर कि लहड

अघिल्लो महिना पार्टीको मध्य पहाडी जिल्लाको अभियानका क्रममा रहेका नेकपा एमालेका अध्यक्ष केपी ओपीमाथि धनकुटामा आक्रमणको प्रयास भयो अनि अघिल्लो हप्ता नयाँ दलका अध्यक्ष रवि लामिछानेमाथि पनि पोखरामा आक्रमणको प्रयास भयो । झट्ट हेर्दा पुराना दलप्रति नागरिकहरुको विश्वास घट्दै गइरहेको भएपनि नयाँ दलमा भने नागरिकहरुको विश्वास थियो भनिएकै थियो । सामाजिक संजालतिर हेर्ने हो भने पनि रविको क्रेज अहिले नै सकिएको जस्तो लाग्दैन । तैपनि रविमाथि समेत आक्रमण भएको छ । रविमाथि जे प्रहार गरेको भएपनि त्यो आक्रमण नै थियो र किन नेपालमा नेतामाथि आक्रमणको श्रृखला बढ्छ भनेर चैं विश्लेषण गर्न जरुरी पनि देखिएको छ । नेता भनेको जनताकाबीचमा रहने व्यक्ति हो र नेता लोकप्रिय नै हुनुपर्दछ तर संसारका केही घटनाहरु हेर्दा निकै लोकप्रिय नेताहरुको पनि हत्या भएको छ । त्यसैले नेताका लागि सुरक्षा आवश्यक छैन भन्ने तर्क पनि उचित नहोला । नेपालको सन्दर्भमा चैं अब यो फेशन जस्तो देखिन्छ । नेतामाथि आक्रमण गर्दा चर्चामा आउने भएपछि पनि आक्रमणको श्रृखला बढेको हो कि भन्ने पनि देखिन्छ । ओली र रविमाथिको आक्रमण यसैको उदाहरण पनि हो । नेतालाई आक्रमण गर्दैमा बहादुरी चैं भइदैन । नेतालाई झापड हान्ने भनेकै निर्वाचनमा हो, चुनावमा चैं भोट हाल्न आतुर हुने अनि अघिपछि चैं नेतालाई गाली गर्ने नेपालीको प्रवृत्ति पनि ठीक छैन । त्यसैले नेतामाथिको आक्रमण भने अब लहड नै हो ।

# विपक्षी दलहरुले राजनीतिक प्रतिशोध साध्नको ...

राजनीतिक प्रतिशोध साध्नको लागि मात्र रातु नदीको मुद्दा बनाएको आरोप लगाए । उनले भने, "आइइई प्रतिवेदनअनुसार नदीको दुवै किनाराबाट ५०-५० मिटर छाडी त्यसवीच ३ फिट गहिराइमा करिव २ लाख ९४ हजार घन मिटर उत्खनन्को ठेक्का लागेको हो ।" चार वटा प्याकेज रहेको रातु ठेक्काको चालु आर्थिक वर्षका लागि नगरपालिकाले करिव ७ करोड रुपैयामा रातुखोलाको किसाननगर, जुरेटोल र फूलबारी खण्डको उत्खनन् ठेक्का देव विष्णु कन्ट्रक्सनलाई दिएको छ भने पथलैया खण्डको उत्खनन् ठेक्का राजेश एण्ड ब्रदर्श निर्माण तथा सप्लायर्स भीमेश्वरलाई दिएको छ । यता ठेक्का पाएका कम्पनीहरुले मापदण्ड विपरित खोला उत्खनन् गरिरहेको भन्दै जिल्लाका सबै राजनीतिक दलले विरोध गरेका छन् । उनीहरुले संयुक्त विज्ञप्ति निकालेर रातु खोलामा भइरहेको उत्खनन् र अनियन्त्रित क्रसर लाई तत्काल बन्द गर्न नगरपालिकासँग विज्ञप्ती मार्फत माग गरेका छन् । कांग्रेस नेता चिरन्जीवी हमाल, एमालेका शंकर महतो, माओवादी केन्द्रका राजु खड्का, एकीकृत समाजवादीका सुरेशबहादुर राउत, लोसपाका चेतकुमार थापा, जनमत पार्टीका विमलेश महतो, रास्वपाका पर्शुराम बस्नेत र राप्रपा नेपालका यानिखर गौतमको हस्ताक्षर रहेको विज्ञप्तीमा रातु खोलामा भइरहेको अनियन्त्रित उत्खनन्ले जिल्लामा पानीको संकट निम्तिएको र पर्यावरणमा गम्भीर असर परेको उल्लेख छ । खोला उत्खनन्को अनुगमन र जानकारी राख्ने जिल्ला समन्वय समिति महोत्तरी भने आफुहरुलाई खोलाको ठेक्का लागेको र उत्खनन् सुरु भएको कुनै जानकारी नभएको बताउँछ । नगरपालिकाले मनोमानी ढङ्गबाट काम सुरु गरेको र समन्वय समितिलाई कुनै जानकारी नदिएको जिसस प्रमुख सुमनलाल कर्णले बताए । यस सन्दर्भमा मेयर क्षेत्रीले स्थानीय सरकार स्वायत निकाय भएकोले नदी उत्खनन् ऐन कानूनको परिधिमा रहेर सबै प्रकृया पुरा गरेर नै ठेक्का लगाएको भरखरै ठेक्का लागेको जसमा ३ फीट सम्म उत्खनन् गर्नु पर्ने र चार प्याकेजमा ठेक्का लागेको हुँदा प्रत्येक प्याके जमा एउटा एउटा स्काई वेटरको प्रयोग भईरहेको बताए । उनले भने, "बजारमा जुन किसिमको हल्ला भिजाइएको छ कि ७ देखि ९ फिट सम्म खाल्डो खनेर उत्खनन भईरहेको भनि वास्तवमा त्यो स्थान पुरानो रहेको छ । नयाँ ठेक्का सुरु नै मंसीर २८ गते देखि भएको छ। हामीले अनुगमन गर्ने मेकानिज्म तयार पार्दै छौं । नगरपालिका यस विषयमा गम्भिरछ।" मेयर क्षेत्रीले अगाडि थपे, "यदि ढुङ्गा गिटी र बालुवा बिक्रि वितरण तथा व्यवस्थापन सम्बन्धी ऐन २०७७ विपरित उत्खनन्का कार्य भइरहेको भेटिए । त्यस ठेकेदारलाई अबिलम्ब नै रोकिनेछ ।" मेयर क्षेत्रीले नगरमा आफूले शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारको क्षेत्रमा गर्दै आएको आमुल परिवर्तन र सुधार देखेर नगरको बजेट प्रभावित होस् भन्ने ध्येय राखेर विपक्षीहरु एकठाउँ उभिइएर अबैध ठेक्का र उत्खनन्को नारा लगाएको आरोप लगाए ।

भंगहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भंगहा, महोत्तरी, मधेश प्रदेश, नेपाल

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं

कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं





आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं





गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरु :

- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने



त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

"थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

सोनमा गाउँपालिका
सोनमा, महोत्तरी, मधेश प्रदेश




हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । | तुला | व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । |
| बृष | कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । | वृश्चिक | साथीभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुनेछ । |
| मिथुन | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ । | धनु | अवसर मिले पनि प्रतिद्वन्द्वीको भयले सताउन सक्छ । |
| कर्कट | आम्दानीका विभिन्न स्रोत देखिए पनि लगानीतर्फ लागत बढ्ने समय छ । | मकर | नयाँ अवसरका साथै भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । |
| सिंह | केही विवादास्पद कामको आक्षेप लागे पनि पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ । | कुम्भ | तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । |
| कन्या | मिहिनेतले पदीय जिम्मेवारी दिलाउनेछ । | मीन | हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले काम दोहोर्याउनुपर्ला । |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# मधेशमा जघन्य अपराधको जड बन्दै......

वर्ष २०७८/०७९ मा ९६ जना र २०७९/०८० मा १०६ जनाको हत्या भएको थियो । धेरै अपराधमा लागूऔषध जोडिन गरेको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसपी श्याम महतो बताउँछन् । यद्यपि हत्या, बलात्कारजस्ता जघन्य अपराधको मुद्दा लागूऔषधभन्दा ठूलो भएको र लागूऔषध प्रमाणित गर्न समस्या हुने भएकाले तथ्यांकमा भने नखुलाएको उनले बताए । प्रहरी अधिकृतहरुका अनुसार हत्याका घटनाभन्दा धैरै चोरी, डाँका, महिला तथा घरेलु हिंसा जस्ता अपराधमा समेत लागूऔषध सेवनकर्ताको संलग्नता देखिने गरेको छ । 'पछिल्लो समय बढेको चोरी घटनामा ८० प्रतिशतभन्दा बढी लागूऔषध सेवनकर्ता देखिन्छ', एक अनुसन्धान अधिकृतले भनेका छन् । सर्लाहीका प्रहरी प्रमुख (एसपी) प्रविन धितालका अनुसार प्रायः लागूऔषध सेवनकर्ता २५-३० वर्षमुनिका हुन्छन् । 'ड्रग्सको लतमा परेपछि अभिभावक भन्दा टाढा हुने चोरी, कुटपिट, ग्याङफाइट जस्ता क्रियाकलाप गर्ने गरेको पाइन्छ', उनले भने ।

**डरलाग्दो तथ्यांक**

प्रहरीका अनुसार मधेश प्रदेशमा दैनिक औसत ३ जना लागूऔषधसहित पक्राउ पर्ने गरेका छन् । प्रदेश प्रहरी कार्यालयको तथ्यांक अनुसार आर्थिक वर्ष २०७७/०७८ मा लागूऔषधसहित ९९९ जना व्यक्ति पक्राउ परेका थिए । आर्थिक वर्ष २०७८/०७९ मा यो संख्या बढेर १ हजार २८५ पुग्यो । आर्थिक वर्ष २०७९/०८० मा भने बढेर १ हजार ३०४ व्यक्ति लागूऔषध सहित पक्राउ परेको प्रहरीले जनाएको छ । चालु आर्थिक वर्षको पाँच महिनामै ४३७ जनालाई लागूऔषधसहित नियन्त्रणमा लिएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता श्याम महतोले जानकारी दिए । पक्राउ परेकाहरु प्रायः ३० वर्षभन्दा मुनिका छन् । उनीहरुबाट गाँजा, चरेस, ब्राउन सुगर, अफिम, हिरोइनका साथै अरु लागू औषध बरामद भएको छ । पाँच महिनामै प्रहरीले आठवटै जिल्लाबाट २ हजार ६८३ किलो गाँजा, ४७ किलो चरेस, ८६ ग्राम र ३२७७ मिलीग्राम हिरोइन, १७ हजार २३९ ट्याबलेट, १ हजार ५३१ बोतल र १४ हजार ४०५ इन्जेक्सन बरामद गरेको प्रहरीको तथ्यांकमा छ । खुल्ला सीमाका करण भारतबाट शरीरको विभिन्न भागमा लुकाएर, मोटरसाइकलको ट्यांकी तथा खाद्यान्नको बोरामा लुकाएर समेत लागूऔषध ल्याउने गरिएको सर्लाहीका एसपी प्रविन धिताल बताउँछन् । सर्लाहीको मलंगवा नगरपालिका-८ दशगजा क्षेत्रमा बरहथवा नगरपालिका-५ का २२ वर्षीय इजरुल महम्मद शेष पुस १ गते दिउँसो मृत फेला परे । शरीरमा घाउखत थिएन, मुखबाट फिज आएको थियो । प्रारिम्भक अनुसन्धानबाट उनको अत्यधिक लागऔषध सेवनकै कारणले मृत्यु भएको प्रहरीको निष्कर्ष छ । उनी लागूऔषध सेवनकर्ता भएको र त्यसकै लागि सीमापारी गएर फर्किरहेको बेला मृत्यु भएको प्रहरीको भनाइ छ । लागू औधको कुलतमा फसेकाहरुको उपचार र पुजर्स्ूथापनामा काम गर्दै आएको पुनर्जीवन नेपालका संस्थाका प्रमुख कार्यकारी अधिकृत अजितम पाण्डेका अनुसार सबभन्दा बढी साथीहरुको लहैलहैमा लागेर कुलतमा फस्छन् । कतिपय परिवारिक माहोलले गर्दा पनि लागूऔषधको कुलतमा फस्ने गरेका छन् । उनका अनुसार २/३ प्रतिशतलाई कुलतमा फस्नेबित्तिकै घरपरिवारले पुनर्स्ूथापना केन्द्रमा राख्छ भने ९७ प्रतिशले जबसम्म अपराधमा लाग्दैनन्, तबसम्म सुधार केन्द्रमा लग्दैनन् । कुलतमा फसेकाहरुलाई पूर्ण रुपमा सामान्य अवस्थामा फर्काउन कम्तिमा ६ महिनादेखि एक वर्ष लाग्छ । पुनर्स्ूथापना केन्द्रको मासिक शुल्क महंगो हुने भएकाले थोरै परिर्वतन देखिनासाथ ठीक भयो भन्ने ठान्छन् र लिएर जान्छन् । अनि पुनः कुलतमा फस्छन् । 'समाज लागूऔषधको दलदलमा फस्दैछ । नियन्त्रण गर्न समयमै सरकार, परिवार, समाज लागायत सबै पक्ष गम्भीर भएर लाग्नुपर्छ', स्थानीय सरकारले पनि यसमा भूमिका नखेलेको भन्दै उनले भने, 'यसप्रति राज्य बेपरवाह छ । नियन्त्रण गर्नुपर्छ भनेर कहिल्यै कुनै नेता वा जनप्रतिनिधिको भाषण सुन्नु हुन्न होला ।' मधेश प्रदेश प्रहरी कार्यालयले 'एन्टी ड्रग क्याम्पेन' चलाएको छ र चालु आर्थिक वर्षमा ४ हजार लागूऔषध सेवनकर्ताको पहिचान गरी मनोपरामर्श दिने र परिवारको सहयोगमा उनीहरुलाई समाजमा पुनर्स्थापना गर्ने लक्ष्य लिएको छ । त्यसका लागि विद्यालयहरुमा लागूऔषध विरुद्ध सचेतना कक्षा सञ्चालन गर्ने गरेको छ । 'प्रहरीले मात्रै लागूऔषध नियन्त्रण गर्छ भन्ने बुझाइ गलत छ' मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता महतो भन्छन्, 'सरकार, समाज र घर परिवार सबै मिलेर मात्र लागूऔषध नियन्त्रण सम्भव छ ।'

# ११ महिनापछि संसदमा...

मत लिने कार्यक्रम थियो । त्यसदिन नेपाली कांग्रेसले हत्या अभियोग लागेका सांसदले मत दिन पाउने कि नपाउने भनी प्रष्ट हुनुपर्ने माग राखेको थियो । कोइरीलाई पक्राउ नगरिएको भनी कांग्रेसका सांसद रामहरि खतिवडाले गृहमन्त्रीको ध्यानाकर्षण गराएका थिए । कांग्रेसको ध्यानाकर्षणपछि तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले विधि र प्रक्रियाअनुसार काम गर्ने भन्दै अनावश्यक दबाब नदिन अनुरोध गरेका थिए । प्रश्न उठे पनि कोइरी प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएर संसद भवनबाट सुटुक्क बाहिरिए । तीन पटकसम्म संसद भवन छिरेर निस्कँदा समेत नसमातिएको भनी चौतर्फी विरोध भएपछि ६ माघ २०७९ मा गृह मन्त्रालयले कोइरीलाई पक्राउ गर्न देशभरका जिल्ला प्रशासनलाई निर्देशन जारी गरेको थियो । फरार सांसद पक्राउ नपरेको भनी संसदमा निरन्तर प्रश्न उठिरह्यो तर, उनी सम्पर्कमा आएनन् । यता, कोइरीको सांसद पद निलम्बनका लागि प्रहरी प्रधान कार्यालयले दुई पटकसम्म पत्र पठाएको थियो । प्रहरी प्रधान कार्यालयले ७ पुसमा कोइरी फरार रहेको भनी संसद सचिवालयका महासचिवलाई सम्बोधन गरेर पत्र पठाएको थियो । उक्त पत्र प्रतिनिधिसभा नियमावली २०७९ नबन्दै आएको भनी सभामुख देवराज घिमिरेले कार्यान्वयन नगरेपछि ७ चैत २०७९ मा दोस्रो पटक पत्र पठाएको थियो । प्रतिनिधिसभा नियमावली २०७९ मा फरार सांसद निलम्बित हुने व्यवस्था छ । नियमावली बनेपछि प्रहरी प्रधान कार्यालयले दोस्रो पटक पत्र पठाएर कोइरीलाई सांसद पदबाट निलम्बनका लागि आग्रह गरेको थियो । तर, दोस्रो पत्र पनि तुरुन्तै कार्यान्वयन भएन । प्रहरीको पत्र आउँदा समेत कारबाही नभएको भनी संसदमा निरन्तर प्रश्न उठिरह्यो । पहिलो अधिवेशनमा सकिनु अगाडि कोइरीको अनुपस्थितिको सूचना प्रतिनिधिसभाबाट स्वीकृत हुन सकेन । १५ वैशाख २०८० को संसद बैठकमा सभामुख देवराज घिमिरेले कोइरी निरन्तर २१ वटा बैठकमा अनुपस्थित रहेको भनी स्वीकृतिका लागि पेश गरेका थिए । सांसदहरुले विरोध गरे पछि कोइरीको अनुपस्थितिको सूचना झिकेर बाँकीको स्वीकृत गरिएको थियो । प्रतिनिधिसभाका १० वटा भन्दा बढी बैठकमा अनुपस्थित हुने भए सांसदले अग्रिम सूचना दिनुपर्ने व्यवस्था छ । यस व्यवस्था अनुसार कोइरीको अनुपस्थितिको सूचना स्वीकृति हुन नसकेपछि सभामुखको भूमिका माथि समेत सांसदहरुले प्रश्न उठाएका थिए । त्यसपछि सभामुख घिमिरेले १९ वैशाख २०८० मा कोइरीको सांसद पद निलम्बनमा परेको निर्णय दिए । तर, पनि कोइरी प्रहरीको सम्पर्कमा पुगेनन् । निरन्तर सम्पर्कविहीन रहेका कोइरीले २९ मंसिरमा महोत्तरी जिल्ला अदालतबाट सफाइ पाए । सफाइ पाएपछि उनी आइतबार संसद सचिवालय पुगेका हुन् । ११ महिनापछि संसद सचिवालय पुगेका कोइरी 'निर्वाचित भएर पनि यस अगाडि सदनमा भूमिका देखाउने अवस्था नबनेको' गुनासो गर्छन् । 'अदालतले न्याय दिलाएको छ' उनले अनलाइनखबरसँग भने, 'अब जनताको कुरा लिएर, पार्टीको कुरा लिएर अगाडि बढ्छु । मेरा धेरै कुरा विकाससँग जोडिएका छन् । मलाई समाजसेवी भनेर चिन्दछन् । त्यसअनुसार आफ्नो भूमिकामा दह्रो गरी संसदमा प्रस्तुत हुन्छु ।' आफ्नो स्वभाव र विचार धारा स्वतन्त्र जस्तो भए पनि पार्टीको नीति अनुसार चल्ने सांसद कोइरीको प्रतिबद्धता छ । राजनीतिअघि व्यवसाय र समाजसेवामा रहेका कोइरी नेपाली कांग्रेस पृष्ठभूमिका नेता हुन् । २०१९ साल मंसिरमा गौशाला नगरपालिका-२ निगौल महोत्तरीमा जन्मिएका कोइरीले १० कक्षासम्म अध्ययन गरेका छन् । कांग्रेसको विद्यार्थी संगठन (नेविसंघ) मा २०४७ सालमा आबद्ध भएर राजनीति सुरु गरेका कोइरीले २०५४ सालमा कांग्रेस छाडे । कांग्रेस छाडेर चुनावमा भाग लिएका उनी महोत्तरीको निगौल गाविसको अध्यक्षमा निर्वाचित भए । गाविस अध्यक्षको टिकट नपाएपछि कांग्रेस छाडेका कोइरी चुनाव जितेपछि पनि पार्टीमा फर्किएनन् । आफ्नै तरिकाले राजनीति अगाडि बढाए । २०५९ सालमा सामाजिक संस्था कुशवाह समाजको केन्द्रीय कोषाध्यक्ष भएका कोइरी २०७४ मा संघीय समाजवादी फोरम प्रवेश गरे । प्रतिनिधिसभा सदस्यको उम्मेदवारको टिकट पाउने शर्तमा संघीय समाजवादी फोरम प्रवेश गरेका कोइरीले सोही अनुसार २०७४ को निर्वाचनमा महोत्तरी १ बाट प्रतिनिधिसभामा प्रतिस्पर्धा गरे । तर, चुनाव जित्न सकेनन् । त्यसपछि उनी जनता समाजवादी पार्टी (जसपा) मा आवद्ध भए । जसपाको केन्द्रीय सदस्य भएका कोइरी २०७९ को चुनावको मनोनयनको केही दिनअघि एमाले प्रवेश गरेका थिए । प्रतिनिधिसभा सदस्यको उम्मेदवारको टिकट पाउने शर्तमा एमाले प्रवेश गरेका कोइरीले महोत्तरी १ मा माओवादी केन्द्रका उम्मेदवार गिरिराजमणि पोखरेललाई पराजित गरेका थिए ।









# वर्ड मेनिङ प्रतियोगिता गरी सातौं राजेन्द्र प्रसाद स्मृती दिवस मनाइयो

● नरेन्द्र महतो




गौशाला । शिक्षा क्षेत्रमा धेरै योगदान पुर्याएका राजेन्द्र प्रसाद यादवको सातौं स्मृती दिवस वर्ड मेनिङ प्रतियोगिता गरि मंगलवार आ. वि. शिवनगरमा सम्पन्न भएका छन । सोनमा गाउँपालिकाम रहेका अधारभूत बिद्यालय बिच वर्ड मेनिङ प्रतियोगिता गरिएको थियो। प्रतियोगितामा मा वि खखना प्रथम, मा वि सिहासनी दोस्रो र आ. वि. शिवनगर तेस्रो स्थान प्राप्त गरेका छन। प्रतियोगितामा जम्मा ५ ओटा विद्यालय भाग लिएका थिए। प्रथम, दोस्रो, तेस्रो र सहभागी सबैलाइ राजेन्द्र प्रसाद स्मृती प्रतिष्ठान द्वारा पुरस्कार प्रदान गरिएको थियो।

**को थिए राजेन्द्र प्रसाद यादव ?**

महोत्तरी जिल्लाको सोनमा गाउपालिका ८ सिहासनी घर भएका राजेन्द्र प्रसाद यादव ३० बर्षको लामो अध्यापन गरेका थिए। उहाँको जन्म १९९४ पौष १० गतेमा भएको थियो र मृत्यू २०७३ साल मङ्सिर १० गते भएका थिए। उहाँ आफ्नो जिवनमा दुई पटक गा बि स उपाध्यक्ष भएका थिए र एक पटक कार्यवाहक गा वि स अध्यक्ष भएका थिए। तत्कालिन मधेशी जन अधिकार फोरमका भातृसंगठन मधेशी किसान फोरमका केन्द्रीय सह-अध्यक्ष समेत भइ किसानको हक हित सम्बन्धि काम गरेका थिए । आफ्नो जिवनमा युवा संघको महोत्तरी जिल्ला उपसभापति भएका थिए। त्यस्तै उनि शिक्षक संगठनका जिल्ला उपाध्यक्ष, हनुमान आराधाना मण्डलको अध्यक्ष र गोपाल सेवा समितीको राष्ट्रिय उपाध्यक्ष र कार्यवाहक अध्यक्ष बनेका थिए ।

कार्यक्रममा राजेन्द्र प्रसाद स्मृती प्रतिष्ठानका अध्यक्ष राजदेव यादवको अध्यक्षता रहेको थियो भने प्रमुख अतिथी सोनमा गाउँपालिका शिक्षा सह-संयोजक धर्मेन्द्र कुमार यादव, आ वि शिवनगरका प्र अ दयाराम यादव, मा वि सिंहासनीका प्र अ सरोज यादव, पुर्व शिक्षक बिन्देश्वर यादव, सत्यनारायण यादव, युगलकिशोर यादव, लगायत सहभागि विद्यालयका शिक्षकहरुका उपस्थिती रहेको थियो। राजेन्द्र स्मृती दिवस प्रत्येक बर्ष पौष १० गते मनाउदै आइरहेका छन।

# महोत्तरीमा मिटर र मोटरहरू नियन्त्रण



● टक नेपाल

महोत्तरी । नेपाल विद्युत प्राधिकरण गौशाला वितरण केन्द्रले विद्युत चुहावट गरिएको अवस्थामा मिटर र मोटरहरु नियन्त्रणमा लिएको छामंगलबार विद्युत प्राधिकरण गौशाला वितरण केन्द्रबाट खटिएको अनियमितता सुधार तथा विद्युत चुहावट नियन्त्रण टोलीले विभिन्न स्थानहरूमा ८ थान मिटर र ५ थान मोटर नियन्त्रणमा लिएको हो । डाइरेक्ट हुकिङ गरी अनधिकृत रूपमा विद्युत चोरी गरिरहेको अवस्थामा सो मिटर र मोटर नियन्त्रणमा लिएको शाखा प्रमुख जगन्नाथ झाले जानकारी दिए । नियन्त्रणमा लिएको मिटर तथा मोटर गौशाला वितरण केन्द्रमा बुझाइएको प्रमुख झाले जानकारी दिए ।

# विपक्षी दलहरुले राजनीतिक प्रतिशोध साध्नको लागि मात्र रातु नदीको मुद्दा बनाएको हो : मेयर क्षेत्री

● धर्वेन्द्र कुमार यादव 'यदुवंशी'



महोत्तरी । बर्दिवास नगर पालिका मेयर प्रहलाद कुमार क्षेत्रीले रातु नदी उत्खनन् ऐन कानूनको परिधिमा रहेर सम्झौता र ठेक्का वन्दोवस्ति गरिएको दाबि गरेका छन् । मेयर क्षेत्रीले रातु नदी अबैध रुपमा उत्खनन् भईरहेको भनि नगरका दलहरुले गरेको खबरदारीको सन्दर्भमा प्रक्रिया दिँदै उनले सबै मापदण्ड र प्रकृया पुरा गरेर मात्र ठेक्का लगाइएको बताए । उनले भने, " "खवरदारी गर्नु विपक्षी दलको दायित्व हो तर विरोधको लागि मात्र विरोध प्रत्यूतपादक हुने संवैले बुझ्कै कुरा हो ।" मेयर क्षेत्रीले पूर्व स्थानीय सरकारले ५ वर्षमा नगरमा गर्न नसकेको काम आफूले डेढ वर्ष भित्र नै नमुना प्रस्तुत गरिसकेपछि विपक्षी दलहरुले

»» बाँकी पृष्ठ २ मा

## उत्तराधिकारी स्वार्थले निम्तिएको महन्त विवाद

# राममन्दिरको प्राण प्रतिष्ठामा कोसेली लैजाने विषयमा जानकी मन्दिरका महन्त र सह महन्तबीच बिबाद

● टक नेपाल



जनकपुरधाम । भारत उत्तर प्रदेशको अयोध्यामा नवनिर्मित राम मन्दिरको प्राण प्रतिष्ठामा कोसेली लिएर नजाने विषयमा मन्दिरका महन्त र सह महन्तबीच नै मतभिन्नता देखिएको छ । सह महन्त रामरोशन दासले दुईदिन अघि पत्रकार सम्मेलन गरी नवनिर्मित राममन्दिरमा जानकी मन्दिरबाट कोसेली जाने बताएका थिए । यो विषयमा सोमबार जानकी मन्दिरका मुख्य महन्त राम तपेश्वर दासले आफूसंग कुनै प्रकारको सरसल्लाह नै नगरी सह-महन्त रामरोशनले कोसेली लिएर जाने भनेको संचार कर्मीलाई प्रतिक्रिया दिएका छन्। रामरोशनले राममन्दिरको प्राण प्रतिष्ठामा कोसेली व्यवस्थापनका लागि ११ सय सदस्यीय समिति समेत बनाएको बताएका थिए । उनले दिएको जानकारी अनुसार समितिको संरक्षकमा मुख्य महन्त रामतपेश्वर र जनकपुरधामका नगर प्रमुख मनोज साह छन् । तर मुख्य महन्त रामतपेश्वरले आफूसंग सल्लाह नै नगरेको दावी गरे । 'राम मन्दिरको प्राण प्रतिष्ठामा कोसेली पठाउन सम्भव छैन् । रामरोषण मेरै शिष्य हो । तर उनले कसरी कोसेली लिएर जाने कुरा गर्यो मलाई थाहा छैन् । जानकी मन्दिरबाट कोसेली जादैन् । सम्भव पनि छैन् ।' मुख्य महन्त रामतपेश्वरले राम मन्दिरको प्राण प्रतिष्ठामा कडा सुरक्षा हुने भएकाले कोसेली लिएर गएपनि कुनै वास्ता नहुने तर्क गर्दै भने 'कोसेली लिएर नजान पनि भन्दिनँ । यदि जान्छ भने उसैले जानोस् ।' जानकी मन्दिरको मुख्य महन्त रामतपेश्वर रहे पनि मन्दिरको प्रायः हरेक काम सहायक महन्त रामरोषणले नै गर्छन् । तर राम मन्दिरको प्राण प्रतिष्ठामा कोसेली पठाउने विषयमा मुख्य महन्त र सहायक महन्तबीच विवाद देखिएको छ । लामो संघर्षपछि अयोध्यामा भगवान श्रीरामको विशाल मन्दिर निर्माण भएको छ । मन्दिरको प्राण प्रतिष्ठा जनवरी २२ अर्थात् माघ ८ मा हुँदैछ ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com